
राष्ट्रियता लोकतन्त्र समाजवाद
महामन्त्री द्वारा प्रस्तुत
समसामयिक राजनीतिक प्रस्ताव
नेपाली कांग्रेस
दोस्रो विशेष महाधिवेशन
"बदलिएको समयको कांग्रेसको लागि, बदल्न पर्ने देशको लागि"
२०८२ पुष २७-२८, काठमाण्डौ

**आदरणीय महाधिवेशन प्रतिनिधि साथीहरू,**

नेपाली कांग्रेसको विशेष केन्द्रीय महाधिवेशनमा सहभागी हुन आउनु भएका सम्पूर्ण महाधिवेशन प्रतिनिधि साथीहरूलाई जय नेपालको अभिवादनसहित हार्दिक स्वागत गर्दछौं ।

बदलिएको राजनीतिक परिस्थितिमा `**बदलिएको समयको कांग्रेसका लागि; बदल्नुपर्ने देशका लागि**´ हुन लागेको यस विशेष केन्द्रीय महाधिवेशनलाई उत्साहपूर्वक हेरिरहनु भएका देशभित्र र बाहिर छरिएर रहनु भएका सम्पूर्ण नेपाली आमाबुवा दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक अभिवादन गर्दछौं ।

आजको ऐतिहासिक दिनमा आठ दशकभन्दा लामो लोकतान्त्रिक संघर्षको यात्राका क्रममा २००७ सालको जनक्रान्तिदेखि जेन-जी पुस्ताको विद्रोहसम्म जनअधिकारका लागि भएका अभूतपूर्व राजनीतिक संघर्ष र परिवर्तनमा गौरवपूर्ण सहादत प्राप्त गर्ने प्रातः स्मरणीय शहीद एवं योद्धाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूप्रति शीघ्र स्वास्थ्यलाभको कामना सहित उच्च सम्मान प्रकट गर्दछौं ।

साथै, यस महत्वपूर्ण क्षणमा नेपालको लोकतान्त्रिक आन्दोलन र हाम्रो पार्टीका जननायक बीपी कोइरालालगायत श्रद्धेय संस्थापक नेताहरू तथा नेपालको लोकतन्त्रको संघर्षशील यात्राका विभिन्न कालखण्डमा पार्टीमा नेतृत्वदायी भूमिका र महत्वपूर्ण योगदान गर्नुहुने आदरणीय अग्रजहरूलाई हृदयदेखि स्मरण गर्दछौं ।

नेपाली कांग्रेसको नेतृत्वमा ऐतिहासिक संविधानसभामार्फत बनेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानको मर्मलाई गम्भीरतापूर्वक आत्मसात गर्दै, संविधानमा समयानुकूल उदार र प्रगतिशील परिमार्जन तथा त्यसको गतिशील कार्यान्वयनमार्फत मुलुकको राजनीतिलाई सही बाटोमा ल्याउनु र समुन्नतितर्फ डोऱ्याउनु नै आजको हाम्रो मुख्य राष्ट्रिय जिम्मेवारी हो । आज देशको राजनीतिक गतिप्रति जनतालाई आशा र विश्वासको उत्साहजनक सन्देश प्रवाह गर्दै समुन्नत नेपाल निर्माणको अग्रणी शक्ति बनाउने घडी आएको छ। यही ऐतिहासिक राष्ट्रिय दायित्वको संकल्प सहित यो विशेष परिस्थितिमा आयोजित विशेष केन्द्रीय महाधिवेशनमा हाम्रो गौरवशाली नेपाली कांग्रेस पार्टीको समसामयिक राजनीतिक प्रस्ताव प्रस्तुत गर्ने अनुमति चाहान्छौं ।

## जेन-जी विद्रोह र विशेष महाधिवेशनको आवश्यकता

नवयुवाको आह्वानमा २०८२ भाद्र २३-२४ गते भएको विद्रोह पश्चात नेपाली राजनीति एउटा विशिष्ट र चुनौतीपूर्ण मोडमा आइपुगेको छ । भाद्र २३ अगाडि र पछाडिको राजनीतिक परिदृष्य एउटै होइन भन्ने हाम्रो पार्टीको दृष्टिकोण छ । एउटै र बारम्बार असफल पुष्टि भइसकेको नेतृत्वको निरन्तरता, सार्वजनिक

संस्थाहरूको विश्वासनीयताको क्षयीकरण, कुशासन र भ्रष्टाचारजस्ता विकृति र विसंगतिविरुद्ध जनताको विस्फोट थियो त्यो विद्रोह । हामी त्यस आन्दोलनले विघटित गरेको संसदको पहिलो दल थियौं, अपदस्थ सरकारको हिस्सेदार थियौं, जुन मुद्दा बोकेर विद्रोह भयो ती विषयसँग कतै न कतै हाम्रो संलग्नता छ भन्ने आम जनतालाई लागिरहँदा हामीले समयमै हस्तक्षेप गरेर ती विसंगतिहरूलाई नियन्त्रण गर्न नसकेको यथार्थलाई आत्मसात गर्नै पर्छ । जेन-जी विद्रोहलाई युवाहरूले आम मानिसको अपेक्षा सरह देशको आर्थिक विकास, युवाको भूमिका, सुशासन र सरकारको जवाफदेहिताको माग गर्दै आमूल परिवर्तनका लागि भएको विद्रोहको रूपमा बुझ्नु पर्छ ।

जेन-जी विद्रोहको मर्म थियो परिवर्तनः हामीले लिएका नीतिमा परिवर्तन, अपनाइरहेका तौर-तरिकामा परिवर्तन, प्रवृत्तिमा परिवर्तन, कतिपय पात्रमा परिवर्तन । हामी संसदमा सबै भन्दा ठूलो दल र हामी सम्मिलित सरकारविरुद्ध भएको आन्दोलन भएका कारण हामीभित्र पनि परिवर्तनको आवश्यकता देखाएकै हो । यही महसुस गरेर पार्टीका तमाम साथीहरूले परिवर्तनको लागि आवाज उठाउनु भयो। पार्टीको तल्लो तहमा परिवर्तनको आवाज मुखरित हुँदै गर्दा केन्द्रमा भने हामीले निर्णय लिनै नसक्ने अवस्थामा पुग्नु विडम्बनाको विषय हो ।

इतिहासका खास खास चरणमा नेपाली कांग्रेस पार्टीले खास निर्णय गरेर आफ्नो मौलिक पहिचान स्थापित गरेको छ । स्थापनाकालमा स्वतन्त्रता, नागरिक सर्वोच्चता, मानवअधिकार, एकतन्त्रीय राणा शासनबाट मुक्ति र प्रजातन्त्रको स्थापना जस्ता जनभावनालाई पार्टीले वाणी दिएको थियो । २०४६ सालमा जन अधिकारको बहाली र बहुदलीय व्यवस्थाको स्थापना पार्टीका मूलमन्त्र थिए । २०६२/०६३ पश्चात लोकतन्त्र, गणतन्त्र, संघीयता र समावेशीताका मुद्दामा कांग्रेसले लोकतान्त्रिक संविधान मार्फत निकासको बाटो कोरेको थियो । हामीले त्यही परिवर्तनकारी दृष्टिकोणका साथ जेन-जी विद्रोहको सन्देश ग्रहण गर्दै यस विशेष महाधिवेशनबाट भविष्यको यात्रा तय गर्नु पर्नेछ ।

स्थापनाकालदेखि नै नेपाली कांग्रेसले राष्ट्रका सामु उत्पन्न असाधारण परिस्थितिमा मुलुकलाई सम्हालेर सबैका लागि मान्य हुने निकास दिंदै आएको छ । व्यक्ति र पार्टीभन्दा माथि देश र जनताको हित हुने गरी कांग्रेसले पहलकदमी लिने गरेको गौरवपूर्ण इतिहास हाम्रा सामु छ । आज पनि नेपाली कांग्रेसले राष्ट्रिय शक्ति भएका हिसाबले पार्टीलाई वा व्यक्ति विशेषलाई केन्द्रमा राखेर होइन देश, काल र परिस्थितिलाई मध्यनजर गर्दै नेतृत्वदायी बाटो देखाउनु पर्नेछ । कांग्रेसले नै दिशाहीन हुँदैगएको देशलाई सम्हाल्ने छ र रूपान्तरणकारी नेतृत्व दिनेछ । त्यही दिशामा गम्भीर भएर चिन्तन मनन गर्न यो विशेष महाधिवेशन अपरिहार्य भएको छ ।

यद्यपि देशको वर्तमान अवस्थामा आमूल परिवर्तन हामीले नै ल्याउँछौं भनेर मात्र हुँदैन, मतदाता पनि त्यसमा विश्वस्त हुनुपर्छ । मतदातामा नेपाली कांग्रेसका क्रियाशील सदस्य मात्र छैनन्, लाखौं नेपाली जनता छन् ।

त्यसैले हामी आफैंले पार्टीको विधान मानेनौं भने हामी संविधान र कानूनको शासनमा विश्वास गर्छौं भनेर आम नेपाली जनतालाई कसरी विश्वस्त तुल्याउने ? हामी आफैंभित्र संवाद गर्न र सुधार गर्न तयार छैनौं भने हामी कसरी भन्न सक्छौं -कि हामी सच्चियौं, सुध्रियौं । यही आलोकमा नेपाली कांग्रेसको यो विशेष केन्द्रीय महाधवेशनलाई हेर्नुपर्दछ । यो महाधिवेशन नै आजको दिनमा हामीले हामीभित्र सार्थक परिवर्तन लिएर आउने वैधानिक आधार हो र हामीले जनताको विश्वास बढाउने प्रस्थान बिन्दु पनि यही हो । त्यसैले, वर्तमान परिस्थितिको वस्तुनिष्ठ मूल्याङ्कन गर्दै भविष्यका लागि मार्गचित्र तयार गर्ने सर्वोच्च वैधानिक निकाय महाधिवेशन नै भएकोले विशेष महाधिवेशनको आयोजना अपरिहार्य भएको हो ।

## विशेष महाधिवेशनको वैधानिक प्रावधान

नेपालको संविधानको धारा २६९ को उपधारा (४) (क) मा 'राजनीतिक दलको विधान लोकतान्त्रिक हुनुपर्ने÷ र धारा २७२ मा 'राजनीतिक दलको गठन, दर्ता, सञ्चालन र सुविधा तथा तत् सम्बन्धी अन्य विषय संघीय कानून बमोजिम हुने व्यवस्था छ । राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ६ ले 'राजनीतिक दलले संविधानको धारा २६९, उपधारा (४) बमोजिमको शर्त पुरा गर्नुपर्ने तथा दफा ८ को उपदफा (१) मा 'दलको कार्यसम्पादन र आन्तरिक काम कारवाहीलाई व्यवस्थापन गर्न एउटा विधान हुनुपर्ने÷ कानूनी व्यवस्था छ । त्यस्तै, उपदफा (२) को अनुसूचीमा 'उल्लेखित विषय विधानमा समावेश भएको हुनुपर्ने र उक्त ऐनको दफा ८(२) सँग सम्बन्धित अनुसूचीको दफा ९ मा 'महाधिवेशन सम्बन्धी विषय विधानमा समावेश भएको हुनुपर्ने भन्ने कानूनी व्यवस्था भए बमोजिम नेपाली कांग्रेसको विधान, २०१७ (दशौं संशोधन २०७८।०८।२८) क्रियाशील छ । यसर्थ महाधिवेशन एउटा लोकतान्त्रिक पार्टीको आन्तरिक जीवनको लागि मात्र होइन, कानूनी र संवैधानिक दायित्व पनि हो ।

नेपाली कांग्रेसको विधान २०१७ (संसोधन सहित) को धारा १५ ले पार्टीको सर्वोच्च अधिकारसम्पन्न निकायको रुपमा केन्द्रीय महाधिवेशनलाई मानेको छ भने धारा ४६ ले पार्टीको सबै निकायको बैठकको लागि पचास प्रतिशतभन्दा बढी सदस्यको उपस्थितिलाई गणपुरक संख्या मानेको छ । यसैगरी, विधानको धारा १७ ले पार्टीको केन्द्रीय महाधिवेशनको कार्यविधिको व्यवस्था गरेको छ । धारा १७ (२) मा विशेष केन्द्रीय महाधिवेशनको सम्बन्धमा "केन्द्रीय कार्यसमितिले आवश्यक ठानेमा वा केन्द्रीय महाधिवेशनका चालीस प्रतिशत सदस्यहरूले केन्द्रीय महाधिवेशनको बैठक बोलाउन विशेष कारण खुलाई केन्द्र समक्ष लिखित अनुरोध गरेमा निवेदन परेको तीन महिनाभित्रमा विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्नेछ" भन्ने स्पष्ट र बाध्यात्मक वैधानिक व्यवस्था रहेको छ ।

अर्थात विशेष महाधिवेशन विधानले परिकल्पना गरेको विशेष व्यवस्था हो र विधान २०१७ (संशोधन सहित) को धारा १ को उपधारा (४) अनुसार पार्टीका सम्पूर्ण कामकारबाहीहरू विधानमा उल्लेख भए बमोजिम सम्पादन गरिनुपर्दछ ।

यस परिस्थितिमा विधानको धारा १७ को उपधारा (२) बमोजिम विशेष महाधिवेशन आह्वान गर्न २४८८ जना (५४.५८ प्रतिशत) महाधिवेशन प्रतिनिधिहरूले “बदलिँदो राजनीतिक परिस्थितिमा नेपाली कांग्रेसलाई सुदृढ बनाउन, जनभावना अनुरूपको नीति निर्माण गर्न र नयाँ ऊर्जासहितको नेतृत्वमार्फत पार्टीको समग्र पुनर्गठनका लागि विशेष निर्णय लिनु अपरिहार्य रहेको” भनी विशेष कारणसहित निवेदन दर्ता गरेको अवस्थामा त्यसको तीन महिनाभित्र विशेष महाधिवेशन सम्पन्न गर्नु केन्द्रको कार्यसम्पादन र जिम्मेवारीको विषय थियो र हो ।

तसर्थ, केन्द्रीय कार्यसमितिले नै विशेष महाधिवेशन बोलाउनु उपयुक्त हुन्छ भनेर हामीले अधिकतम प्रयास गर्‍यौं, तर केन्द्रीय कार्यसमितिबाट यो संभव हुन सकेन ।

विधान बमोजिम कारण सहित माग गरेको विशेष महाधिवेशनलाई असान्दर्भिक वा औचित्यहिन भनेर उपेक्षा गर्ने अधिकार विधानले कसैलाई प्रदान गरेको छैन । यस्तो अवस्थामा विधानसम्मत माग बेवारिसे हुन सक्दैन थियो, त्यसैले विशेष महाधिवेशन स्वतः क्रियाशील भएको छ । उक्त वास्तविकताको बारेमा हामीले पार्टी बैठकमा पटक पटक सचेत गराएका थियौं । पौष २८ भित्र विशेष महाधिवेशन गर्नका लागि हस्ताक्षरकर्ता महाधिवेशन प्रतिनिधिको तर्फबाट भएको प्रयास महाधिवेशन प्रतिनिधिको सार्वभौम वैधानिक अधिकार हो । तसर्थ, पार्टी विधानको निरन्तर उपेक्षा, नीतिगत अन्योल, सांगठनिक दुरावस्था र वर्तमान नेतृत्वको संकटले पौष २७ र २८ मा विशेष महाधिवेशन कानूनी र राजनीतिक दुवै दृष्टिले अपरिहार्य र बाध्यकारी बनेको हो ।
विधान र कानून बमोजिम पुरा गर्नुपर्ने जिम्मेवारी पुरा गर्नु हामी सवैको कर्तव्य हो।

## नेपाली कांग्रेसको ऐतिहासिक परम्परा

कुनै पनि गतिशील आधुनिक समाजले हमेशा नयाँ परिस्थितिमा नयाँ नयाँ समस्याको सामना गर्ने र तिनका नयाँ-नयाँ समाधान खोज्ने इतिहास सिद्ध तथ्य हो । हाम्रा अग्रजले आफ्ना व्यक्तिगत दृष्टिकोण वा चाहना अनुसार राष्ट्रिय र पार्टीको समस्याको हल खोज्ने प्रवृत्ति देखाउनुभएन । व्यक्ति र पार्टीभन्दामाथि देश र जनताको हित हुनेगरी कांग्रेसले पहलकदमी लिने गरेको गौरवपूर्ण इतिहास हाम्रा सामु छ। हामीले हमेशा राष्ट्रिय संकटलाई पार्टीको दायराबाट माथि उठेर निर्णय लिएका छौं। आज पनि नेपाली कांग्रेस एउटा जम्मेवार राष्ट्रिय शक्ति भएकोले पार्टीलाई वा व्यक्ति विशेषलाई केन्द्रमा राखेर होइन देश काल र परिस्थितिलाई मध्यनजर गर्दै नेतृत्वदायी बाटो देखाउनु पर्नेछ।

नेपाली कांग्रेसको जन्मजात चरित्र नै राष्ट्रका सामु उत्पन्न विषम परिस्थितिमा त्यो परिस्थितिलाई सम्हालेर सबैका लागि मान्य हुने निकास दिनु रहेको छ। आजको दिनमा नेपाली कांग्रेसलाई न त आत्मसमर्पण गर्ने छुट छ न उत्तेजनाको राजनीति गर्ने नै छुट् छ।

काङ्ग्रेस प्रश्नबाट भागेर होइन परिस्थितिको डटेर सामना गर्नुपर्छ। काङ्ग्रेसले नै दिशाविहीन र लड्खडाएको देशलाई सम्हाल्छ र रूपान्तरणकारी नेतृत्व दिन्छ भन्ने विश्वासका साथ यो ऐतिहासिक विशेष महाधिवेशनका अवसरमा नेपाली कांग्रेसले प्रथम जननिर्वाचित सरकार नेतृत्व गरिरहेका बेला बीपी कोइरालाले सातौं महाधिवेशनबाट सभापतिमा निर्वाचित भएपछि व्यक्त गरेको उद्गार यहाँ स्मरण गर्न चाहन्छौं-"इतिहासले बारम्बार नेपाली कांग्रेसलाई नयाँनयाँ परिस्थितिमा नयाँ नयाँ अभिभारा बोकाइरहेको छ। हामीलाई विश्राम कहाँ ? इतिहासले हामीलाई फुर्सद कहाँ दिइरहेको छ ! यदि हामीलाई इतिहासको हतियार बन्ने सौभाग्य प्राप्त भएकोमा गर्व छ भने यही तथ्यबाट उत्पन्न भएको जिम्मेवारीबाट हामी कसरी मुक्त हुन सक्छौं र ! त्यसो हुनाले साथीहरू हो, हामी नेपाली कांग्रेसका सिपाहीलाई जो आजको परिस्थितिमा इतिहासको सिपाही भएका छौं, कुनै किसिमको विश्रामको सुख प्राप्त छैन।... पार्टीले इतिहासको क्रान्तिकारी लक्ष्यलाई पूरा गर्न सक्ने क्षमतालाई हामीले कार्यद्वारा प्रमाणित गर्न सकेनौं भने इतिहासले अर्को हतियार निर्मित गर्छ। त्यसो हुनाले हामी सबैले हाम्रो संस्थालाई इतिहासको हतियार सम्झेर यसलाई सफा र उज्ज्वल राखेर सही अर्थमा एउटा हतियार जस्तै प्रभावयुक्त बनाउनुपर्छ।"

नेपाली काङ्ग्रेसले बीपी कोइरालाको भनाइलाई चरितार्थ गर्दै इतिहासको क्रान्तिकारी लक्ष्यलाई पूरा गर्न सक्ने क्षमतालाई बीपीको अनुपस्थितिमा समेत २०४६ र ६२ -६३ मा कार्यद्वारा प्रमाणित गरिसकेको छ। जेनजी आन्दोलनपछि नेपाली इतिहासको हतियार नेपाली कांग्रेस पार्टीलाई फेरी एकपटक सफा र उज्वल राख्दै प्रभावकारी हतियार बनाउनुपर्छ।त्यस दिशामा गम्भीर भएर चिन्तन मनन गर्नु यस विशेष राष्ट्रिय महाधिवेशनको दायित्व भएको छ।

## आजको परिदृष्य र नेपाली कांग्रेस

निश्चय पनि भाद्र २३ र २४ को परिस्थिति एकाएक उत्पन्न भएको होइन। आजको परिस्थिति आउनुमा नेपाली कांग्रेस पार्टी मात्र जिम्मेदार छैन तर पछिल्ला दुई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदमा नेपाली जनताको अपार माया र स्नेह सहित लगातार वर्चस्वशाली उपस्थिति भएकाले हामीले आफ्नो भागमा परेको कमजोरीबाट भाग्न पनि मिल्दैन। हामीले स्वीकार गर्नैपर्छ सरकार र शासन सञ्चालनका क्रममा हामीबाट भएका कमजोरी र विफलताका कारण यी घटनाका लागि भावभूमि तयार भएको हो। नेपाली समाज र राजनीति असमान्य चरणको सामना गर्दैछ आज नेपाली कांग्रेसको सामु आइपरेको ऐतिहासिक क्रान्तिकारी जिम्मेदारी के हो आजको नयाँ परिस्थितिमा कांग्रेस पार्टीको उत्तरदायित्व के छ? ऐतिहासिक घटनाक्रमलाई

हृदयङ्गम गर्दै आफ्नो कामको सन्तुलित लेखाजोखा गरेर घनिभूत संवादमार्फत वर्तमान परिस्थितिमा अदा गर्नुपर्ने उत्तरदायित्वलाई हामीले राम्ररी ठम्याउनु पर्दछ।

सत्ता सञ्चालनमा सहभागि हुँदा राष्ट्रिय प्राथमिकता र जनताका आकांक्षालाई सम्बोधन गर्ने दिशामा पार्टीको सिद्धान्त र सरकारका कार्यक्रम बीचको सन्तुलनमा हामी नराम्रोसँग चुकेकै हो। जनतासंगको सम्बन्धको सेतु टुटेकै हो। हामीले नीति र कार्यक्रमलाई पर्याप्त ध्यान नदिइकन दैनदिन सत्ता सञ्चालनमा ज्यादा अलमलिएको कुरामा हामीले आत्मालोचना र आत्ममन्थन गर्नैं आज नेपाली कांग्रेस आफ्नो गौरवशाली इतिहासको एउटा निर्णायक मोडमा उभिएको छ।

नेपाली कांग्रेस त्यो पार्टी हो जसले नेपाललाई लोकतन्त्र दियो, सङ्घीय गणतन्त्रात्मक संविधान दियो, जन अधिकार र स्वतन्त्रता दियो र समुन्नतीको आशा जगायो। हाम्रै नेतृत्वमा भएको २०६२-०६३ को आन्दोलन र त्यसको जगमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान बनायौं जुन नेतृत्वदायी भुमिकाप्रति हामीलाई गौरव छ। संविधान बनेपश्चात आशा, आकांक्षा महत्वाकांक्षा आम नागरिकहरूमा जगायो।

लोकतन्त्रको सौन्दर्य भनेको आम मानिसमा आकांक्षा जगाउने पनि हो। नागरिकहरूलाई भविष्यका प्रति आशावादी बनाउने हो। हामी संविधानमा टेकेर जे डेलिभरी गर्ने भनेका थियौं त्यो सन्दर्भमा असफल भयौं। समाजमा कस्तो रुझानको विकास भयो भने- त्यही नागरिक राजनीतिक परिवर्तनको लागि संविधान लेखनसम्मको यात्रामा अत्यन्त आशावादी रूपमा सहभागी भएको तर अहिले आएर वाचा गरिएका सपनाहरू पुरा नभएको, डेलिभरी नभएकोले परिवर्तनका संवाहक शक्तिहरूसँग र परिवर्तनले बनाएका संरचनासँग समेत रिसाएर पूर्ण आक्रोशित भएर बसेको अवस्था छ।

संसदीय राजनीतिमा निर्वाचन पूर्व र निर्वाचन पश्चातका श्रीङ्खलाबद्ध गठबन्धनले सत्ता र प्रतिपक्ष भन्ने नै भएन। पछिल्लो पटक दुई ठुला दलहरू मिलेर सरकार संचालन गरेपछि संसदीय राजनीतिमा भागवण्डा र कारोवारी राजनीतिको प्रश्रय पायो। यो विकृत रुपले आम जनतालाई थप आक्रोशित बनायो। जनता सरकारसँग रुष्ट हुँदा राजनीतिक दलसँग समेत रुष्ट भए। हामीले पार्टीको दायरालाई सीमित गर्नुपर्नेमा दायरालाई विस्तारित गरेर ज्यादा फैलिँदा समाजको प्रत्येक अंग र संस्थाहरूको अति दलीयकरण भयो। राज्यका संस्थालाई मजबुत बनाउनुपर्नेमा दलको बनाउन खोज्ने कुराले पनि आम मानिसमा राजनीतिक दल प्रति वितृष्णा फैलिन पुग्यो।

हामी यस्तो ठाँउमा पुग्यौ- हाम्रो पार्टीको नाम र इतिहास ठूलो त छ, तर हाम्रो फगत सन्देशले मात्र अब जनतामा पर्याप्त भरोसा जागृत गर्न सक्दैन। तर यथार्थ के हो भने ‘आज हामी एकै पटक विश्वासको संकट र प्रासंगिकताको प्रश्नसँग जुधिरहेका छौं। जनता ‘विशेष गरी युवा पुस्ताले अहिले कांग्रेसलाई साहस होइन, सम्झौतासँग; आदर्श होइन, अवसरवादसँग; निष्ठा होइन, भ्रष्टाचारसँग जोड्न थालेका छन्। र यो अवस्था

आउनाको जिम्मेवारी हामी सबैको हो। यो पुस्ता ६२/६३ को आन्दोलनमा सहभागी नभएपनि केटाकेटीको रुपमा हेरेको सुनेको र देखेको पुस्तासँग राजनीतिक शक्तिहरूले र राजनीतिक नेतृत्वले ठिकठाक संवाद स्थापित गर्न सकेनौं। हामीले नयाँ पुस्ताको आँखाबाट हेर्यौं भने मात्रै हामीले उनीहरूलाई बुझ्न सक्छौं। उनीहरूलाई इतिहाससँग भन्दा ज्यादा वर्तमान र भविष्यको सुरक्षासँग चिन्ता छ। त्यसका लागि उनीहरू इतिहास हेरेर इतिहासको योगदान देखेर त्यसलाई सम्मान त गर्छ तर हाम्रो औसत कार्यक्षमता हेरेर हामीलाई माफी र शङ्काको सुविधा दिन चाहेन।

नेपालमा पछिल्ला दशकमा तीब्र जनसांख्यिक परिवर्तनको प्रक्रियामा रहेको छ। ग्रामिण क्षेत्रबाट अर्धशहरी तथा शहरी क्षेत्रमा बसाईसराई तिब्र बनेको छ। यसैगरी वाह्य बसाईसराईको गति पनि तिब्र छ। युवा शिक्षा, स्वास्थ्य जस्ता सेवा सुविधा तथा रोजगारीका लागि सहर तर्फ सर्न थालेका छन् । यसले राजनीतिक एजेण्डा, चासो, सरोकार तथा भुमिकालाई पनि परिवर्तन ल्याईदिएको छ। नेपालमा नयाँ पुस्ताको आक्रोश र पछिल्लो घटनालाई युवा जनसंख्या, यस उमेर समुहले पाइरहेको अवसर सँग पनि जोडेर हेर्नुपर्छ। हामीलाई अब स्थानीय शहरी समस्या, स्वास्थ्य, शिक्षा सुविधाको उपलब्धता, रोजगारी, आवास लगायतका सवाललाई संवोधन गर्नुपर्ने अवस्थामा पुर्‍याएको छ।

नेपालमा गाउँबाट अर्धशहरी वा शहरी क्षेत्रमा युवाहरूको तिब्र बसाईसराइले शहरी मतदाताको संरचना व्यापक परिवर्तन ल्याईदिएको छ। युवा वर्गको शिक्षा, रोजगारी र सुविधा सम्बन्धी आवश्यकता र अपेक्षा उच्च छ। रोजगारीका अभाव र अवसरको खोजीले ठूलो संख्या युवा वैदेशिक श्रम बजारतिर सरेका छन्। नेपालमा काम गर्ने उमेरको जनसङ्ख्या ६५.२% छ, भने नेपालीको मध्य उमेर लगभग २६ वर्ष मात्र छ। युवा जनसङ्ख्याले सीमित स्रोत र रोजगारीको लागि कडा प्रतिस्पर्धा सामना गर्नुपर्दछ, जसले निराशा सिर्जना गरेको छ।

देशभित्र राजनीतिक सहभागिता र स्थानीय शहरी समस्या समाधानमा राजनीतिक अपेक्षा लाई बढी केन्द्रित बनाएको छ। परिणामतः पारिवारिक, सामुदायिक संरचनामा पनि राजनीतिक जागरण र अविश्वास दुबै देखा परेको छ। साथै ग्रामीण क्षेत्र र शहरी क्षेत्र बीचको विकास असन्तुलनलाई संवोधन गर्न नसकेको यथार्थतालाई स्विकार गर्नुपर्दछ । शहरी युवालाई रोजगारी र उद्यमशिलताको विकास गर्न नसक्दा यसले गरिब, बेरोजगारी र आर्थिक असमानता बढाउने समेत काम गरेको यथार्थतालाई स्विकार गर्नैपर्दछ।

सरकार संचालन गर्नेहरूले राज्यका संस्था बलियो बनाउने भन्दा कब्जा गेर्ने चरम दलीयकरणले सार्वजनिक संस्था तथा निकायको संस्थागत क्षमतामा ह्रास आयो। सरकारी निकायहरुमा नियुक्ति प्रक्रियामा पारदर्शिता र योग्यता भन्दा पनि दलीय आवद्धतालाई प्राथमिकता दिने दुष्चक्रलाई हामीले परास्त गर्न सकेनौ। स्थानीय सरकारलाई आत्मनिर्णय र संसाधन व्यवस्थापनमा पूर्ण सशक्तिकरण गर्न नसक्दा नीति कार्यान्वयनमा कमजोर देखियो । परिणातः भ्रष्टाचार विकेन्द्रीकृत हुन पुग्यो।

राजनीतिक अर्थशास्त्रले राजनीतिक स्थिरता र नीतिगत निरन्तरताले मात्र आर्थिक रुपान्तरण सम्भव हुन्छ भन्ने आधारभुत मान्यता राख्दछ। तर नेपालमा राजनीतिक अस्थिरताको कारण संरचानात्मक सुधार, नीजि क्षेत्रको आकर्षण, औद्योगिकरण, रोजगारीको सृजना, उद्यमशिलताको विकास जस्ता सवालमा उल्लेख्य मात्रामा सुधार हुन सकेन। स्वदेशमा रोजगारी र उद्यमशिलताको अभावको कारण हाम्रो देशका नवयुवा श्रमको लागि देश छाड्न बाध्य भए। आजको दिनमा नेपाली कांग्रेसले अपेक्षाकृत रुपमा दीर्घकालिन आर्थिक समस्याको समाधानमा योगदान गर्न नसकेको यथार्थतालाई स्विकार गर्नैपर्छ ।

नेपालको अर्थतन्त्र २०४८-५० को आर्थिक सुधारले बसालेको जगमा अडेको छ। राजनैतिक अस्तिरता ससस्त्र द्वन्दले देशले अपेक्षित आर्थिक विकासको गति पकड्न सकेन र जुन जग बसेको थियो त्यसको. प्रतिफल नागरिकलाई उपलब्ध गराउन सकिएन। राजनीति, प्रशासन र बिचौलियाको अपवित्र त्रिकोणीय गठबन्धनका कारण सिमितले मात्रै लाभ लिने वातावरण विकसित हुदै गयो। गरी खान पाउने र आर्थिक अवसरको अनुभूति साधारण नागरिकले गर्न पाउने स्थिति रहेन। नेपालमा केहि गरेर नेपालमै भविष्य बनाउन सकिन्छ भन्ने कुराको विश्वसनीयता क्षीण हुदै गयो।

वि.सं. २०७२ सालमा संविधान जारी गर्दा नेपाल भूकम्प र अघोषित नाकाबन्दी जस्ता असाधारण संकटको अवस्थामा थियो। उक्त संकटपछिको कालखण्डमा अर्थतन्त्रलाई पुनःनिर्माण, उत्पादनमुखी र आत्मनिर्भर दिशामा तीव्र रूपमा अघि बढाउनुपर्ने ऐतिहासिक अवसर थियो। तर, नीतिगत कमजोरीसहितको अन्योल, कार्यान्वयन क्षमताको अभाव र निरन्तर राजनीतिक अस्थिरताका कारण अपेक्षित आर्थिक रूपान्तरण हासिल हुन सकेन। यही संरचनागत कमजोरीको पृष्ठभूमिमा कोभिड-१९ महामारीको प्रहारले राष्ट्रिय अर्थतन्त्रलाई गम्भीर रूपमा क्षतिग्रस्त बनायो।पछिल्ला करिब २५ वर्षदेखि नेपालको अर्थतन्त्र अत्यधिक रूपमा रेमिट्यान्समा निर्भर रहँदै आएको छ।

नीतिगत अस्पष्टता र प्रशासनिक झन्झट सुधार गर्न नसक्दा देशभित्र पर्याप्त र सम्मानजनक रोजगारी सिर्जना हुन सकेन, जसका कारण ठूलो संख्यामा युवाशक्ति वैदेशिक श्रममा पलायन हुन बाध्य भएको छ। अर्कोतर्फ, सहकारी, लघुवित्त तथा मिटरब्याजसम्बन्धी विकृत अभ्यासहरूले वित्तीय प्रणालीप्रति आम नागरिकको विश्वास गम्भीर रूपमा कमजोर बनाएको छ। यी समस्याले विशेषतः निम्न तथा मध्यम वर्गका नागरिकहरूको आर्थिक गतिविधि, सामाजिक स्थायित्व र समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पारेको छ।

प्रविधि र ज्ञानमा आधारित अर्थतन्त्रलाई प्रोत्साहन गर्दै ठूलो मात्रामा रोजगारी सिर्जना गर्ने अवसर हुँदाहुँदै पनि त्यसलाई उपयोग गर्न हामी अहिलेसम्म चुकेका छौं, जुन अवस्थाको गम्भीर आत्मसमीक्षा र नीतिगत सुधार अपरिहार्य भइसकेको छ। यस अवस्थाबाट बाहिर निस्कन अबको प्रमुख आवश्यकता रेमिट्यान्स

निर्भरतामा क्रमशः कमी ल्याउँदै उत्पादन, कृषि, उद्योग, ऊर्जा, पर्यटन तथा प्रविधिमा आधारित समावेशी र आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्नु नै हो।

शिक्षा, स्वास्थ्य, रोजगारी, बाध्यता ,अवसर र सुविधाको खोजीमा आफ्नो थातथलो छोड्ने नागरिकहरूको सङ्ख्या नेपाली इतिहासमा एकैपटक यति धेरै कहिले पनि थिएन। नयाँ थलोमा नयाँ सृष्टि गर्दाखेरि हुने आत्मसङ्घर्ष र पीडा त्यसमा राज्य पक्षको सार्थक सहयोग नहुँदा नागरिकहरूमा पैदा हुने बेचैनी र अत्यासको अभिव्यक्ति उच्च छ।

समाज, राजनीति, अर्थतन्त्र, शासन प्रशासन लगायतका क्षेत्रमा विद्यमान जटिल प्रकृतिका समस्याहरुको कारण सिर्जित वेचैनी र अत्यासलाई आधार बनाएर अति सतही प्रकृतिको समाधान दिने तथा नागरिकको तत्काल प्रतिक्रियामा आधारित राजनीतिक समर्थननै लोकरिझ्याई हो। नेपालमा यो सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म मार्फत तिब्र गतिमा लोकरिझ्याईको राजनीति समाजको तल्लो तहसम्म फैलिईरहेको छ। छोटो समयमै नागरिकलाई रुमानी सपना बाड्ने अनि युवा र मध्यमवर्गलाई लक्षित गरि गलत तथा अतिरञ्जित सुचना प्रवाह गर्ने कार्य पनि भईरहेको छ। यस किसिमको लोकरिझ्याईलाई परास्त गर्न संयमित सुचना प्रवाह र जिम्मेवार राजनीति गर्ने कार्यमा हामी विगतमा चुकेका छौ।

खासगरी नेपाली कांग्रेसको डिजिटल र सामाजिक सञ्जालमा संवाद गर्ने कार्य कमजोर रह्यो। युवा र मध्यम वर्गको अपेक्षा अनुसार अभियान र नीति निर्माणमा ढिलाई भयो। हामीले स्विकार्नै पर्छ कि पुराना मुल्य, मान्यता, शैली, दृष्टिकोणले युवा मतदातालाई नेपाली कांग्रेसप्रति आकर्षित गर्न सकिरहेका छैनौ। यसले एकातर्फ लोकरिझ्याईवादी राजनीति हावी हुन पुग्यो भने अर्को तर्फ नेपाली कांग्रेस प्रति युवा आकर्षणलाई टिकाई राख्न सकेनौ। अर्कोतर्फ राजनीतिक सञ्चारको लागि परम्परागत सञ्चार माध्यमलाई प्रतिस्थापन गर्दै एकाएक तीव्र रफ्तारमा नयाँ प्रविधि र सामाजिक सञ्जालको प्रयोगबाट जनसङ्ख्याको ठूलो हिस्सा तिलमिलाएको अवस्था छ। कुन सूचना ठिक, कुन सूचना गलत ठम्याउन मुस्किल हुँदा सुसुचित बहस ओझल परेको छ।

विश्वको सामरिक सन्तुलन एक ध्रुवबाट दुई ध्रुव हुँदै बहु ध्रुव तर्फ अगाडि बढ्दा देखिएका क्षेत्रीय अन्तर्राष्ट्रिय असन्तुलनसँग सामना गर्न सक्ने कूटनीतिको अभाव देखा परेको छ।

यावत परिस्थितिहरूमा हामीले नागरिकहरूलाई नेपालभित्रै भविष्य छ भन्ने कुरामा आशावादी गराउन असफल भयौं। हामी राजनीतिक नेता, राजनीतिक दलहरूले केही राम्रो गर्न सक्छौं भन्ने विश्वासको आधार नै धर्मराएको र डगमगाएको अवस्था छ।

# समसामयिक राजनीतिक प्रस्ताव र विशेष महाधिवेशनको नीतिगत संकल्प

**आदरणीय महाधिवेशन प्रतिनिधि साथीहरू !**
इतिहास साक्षी छ - नेपाली कांग्रेस पार्टीले नेपाली जनताले सुम्पिएको हरेक युगान्तकारी र चुनौतीपूर्ण अभिभारा इमान्दारी र निष्ठापूर्वक निर्वाह गर्दै आएको छ ।

यस विशेष महाधिवेशन "***कांग्रेस बदल्नका लागि, बदलिएको कांग्रेसमार्फत देश बदल्नको लागि***" हो । यस विशेष महाधिवेशनबाट हामीले सन्देश दिनुपर्नेछ - हामी सच्चिन्छौं, हामी बदलिन्छौं र हामी सक्छौं । समयले हामी प्रत्येक सदस्यबाट फेरि त्यही निष्ठा, उच्च नैतिक आदर्श र समर्पण खोजेको छ, जुन हाम्रा अग्रजले कहिल्यै कमजोर हुन दिएका थिएनन् । यसको लागि पार्टीलाई गतिशील बनाउनु पर्नेछ । सङगठनभित्र प्रत्येक सदस्यलाई ऊर्जा र न्यायको अनुभूति दिलाउनु पर्नेछ । समर्थक र शुभेच्छुकको स्नेहभाव कायम राख्नुपर्नेछ । आम जनता र नवयुवामा विश्वास र आशाको किरण छर्नु पर्नेछ ।

देश र पार्टीका लागि असाधारण परिस्थितिमा हुन गइरहेको यो विशेष महाधिवेशनले नेपाली कांग्रेसलाई केवल एउटा राजनीतिक पार्टीको रूपमा मात्र सीमित नभई लोकतन्त्रप्रति पूर्ण निष्ठावान, समाजप्रति प्रतिबद्ध, जनताप्रति उत्तरदायी र स्थापनाकालीन जनमुखी आदर्शमा कृतसंकल्पित समुन्नत नेपालको नेतृत्वदायी भूमिका निर्बाह गर्न सक्षम र विश्वासयोग्य शक्तिका रूपमा पुनः स्थापित गर्ने ऐतिहासिक जिम्मेवारी लिएको छ ।

त्यसैले पार्टीभित्र र बाहिरका आम कांग्रेसजनमा देखिएको उदासिनताको बादललाई हटाउँदै **नवीन ऊर्जा, उत्साह, एकता र रूपान्तरणसहित समुन्नत नेपाल निर्माणको अभियानमा एकजुट भएर अघि बढ्न आज हामीले संकल्प गर्दछौंः**

१. **जेन-जी विद्रोह र कांग्रेसको संकल्पः**
वि.सं. २०८२ साल भदौ २३ र २४ गते नवयुवा पुस्ता (जेन-जी) को आह्वानमा भएको आन्दोलनले नेपाली राजनीतिमा नयाँ चेतना र जागरण स्थापित गरेको छ । भाद्र २३ र २४ गते घटेका अकल्पनीय र दुःखद घटनाप्रति नेपाली कांग्रेस गहिरो दुःख व्यक्त गर्दै दमन र हिंसात्मक घटनाबाट सहादत प्राप्त गर्नेहरूप्रति उच्च सम्मान व्यक्त गर्दछ । उक्त आन्दोलनले उठाएका न्यायोचित मागहरू, सुशासन प्रवर्द्धन, सेवा प्रवाह र युवा पुस्ताको अर्थपूर्ण प्रतिनिधित्वको सवाललगायतलाई नेपाली कांग्रेस दृढताका साथ आत्मसात गरी देहायको संकल्प गर्दछ ।

क. भाद्र २३ को दमन र २४ को विध्वंशका क्रममा भएका घटना र गम्भीर मानव अधिकार उल्लङ्घन तथा हिंसाजन्य ज्यादतीका घटनाहरूको स्वतन्त्र र निष्पक्ष छानबिन गरी सत्य र न्याय निरूपण गर्नुपर्दछ, घटनामा संलग्न दोषीमाथि कानूनी कारवाही गर्नु पर्दछ भन्ने बारेमा नेपाली कांग्रेस प्रष्ट र कटिबद्ध रहनेछ ।

ख. युवा पुस्तामा देखिएको अभूतपूर्व जागरण हाम्रो समाजको जीवन्त राजनीतिक पुँजी र युगीन चेतनापुञ्ज हो । युवा पुस्ताले आन्दोलनमार्फत व्यक्त गरेको आमूल परिवर्तनको चाहनालाई उच्च सम्मान गर्दै युवा पुस्तालाई पार्टीको हरेक तहमा आन्तरिक साङ्गठनिक संरचनादेखि राज्य सञ्चालनका राजकीय तथा सार्वजनिक निकायहरूमा युवा पुस्ताको अर्थपूर्ण सहभागिता र निर्णायक प्रतिनिधित्वको सुनिश्चितताको लागि नीतिगत र संरचनागत प्रबन्धसहितको व्यबस्था गर्न यो विशेष महाधिवेशनमार्फत दृढ प्रतिबद्धता व्यक्त गर्दछ ।

ग. भाद्र २३ र २४ को विद्रोहको मूल भावना भ्रष्टाचार नियन्त्रण र सुशासनसँग जोडिएको छ ।"भ्रष्ट्राचारको अन्त्य, सुशासन, पारदर्शिता र सूचनाको हक सुनिश्चितता" को त्यो आवाज तथा अभियान आम नागरिककै स्वाभाविक आवाज हो भन्ने नेपाली कांग्रेसको दृष्टिकोण छ । जेन-जी पुस्ताले परिवर्तनका लागि मुखरित गरेका आवाजको सम्बोधन र संस्थागत रूप दिन आज बहुपक्षीय राष्ट्रिय संवाद अत्यावश्यक छ भन्ने नेपाली कांग्रेसको ठहर छ । सुशासन लगायतका विषयमा सबै पक्षसँग संवाद गरी सहमति कायम गर्दै संविधानको मर्म र मूल्य-मान्यताविपरीत नगई रूपान्तरणसहित देशलाई शान्ति, स्थिरता तथा समुन्नतिको दिशातर्फ अघि बढाउन आसन्न निर्वाचन भन्दा अगाडि नै साझा राष्ट्रिय समझदारी आवश्यक छ । नेपाली कांग्रेस बहुपक्षीय संवाद र साझा राष्ट्रिय समझदारी निर्माण गर्न आव्हान गर्दछ । त्यसलाई परिणाममुखी बनाउन नेपाली कांग्रेस नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।

घ. नेपाली कांग्रेस विगतमा सरकार र संसदमा रहँदा सुशासन र सेवा प्रवाहका सन्दर्भमा गरेको पहलकदमी अपूर्ण भएको र प्रभावकारी ढङ्गले अगाडि वढाउन नसेकेको तथ्यप्रति आत्मआलोचित हुँदै त्यस्ता कमी-कमजोरीलाई अब नदोहोऱ्याउने प्रतिवद्धता व्यक्त गर्दछ । सुशासनको प्रत्याभूति र विधिको शासनलाई मजबुत बनाउन राज्यका संवैधानिक निकाय, नियामक अंग र विशिष्टीकृत अनुगमनकारी संस्थाहरूको स्वायत्तता सुनिश्चित गर्दै तिनलाई दलीय राजनीतिक प्रभावबाट पूर्णतः मुक्त राख्ने संकल्प गर्दछ । संवैधानिक निकाय, विश्वविद्यालय, सार्वजनिक संस्थान र सेवा प्रदायक निकायहरूमा व्याप्त राजनीतिक भागबण्डाको अन्त्य गरी ती संस्थाहरूलाई पूर्णतः व्यावसायिक, गैरदलीय र योग्यताका आधारमा सञ्चालन हुने र समावेशी प्रतिनिधित्व हुने गरी व्यापक संरचनात्मक सुधार गरिने छ ।

भ्रष्टाचार नियन्त्रण, वित्तीय अनुशासन र सुशासनका लागि प्रभावकारी कानून निर्माण र कानुनको कार्यान्वयन, संस्था र निकायहरूको कार्यक्षमता अभिवृद्धि, कार्यविधि सरलीकरण र सुदृढीकरण गर्दै समग्र प्रशासनिक प्रणालीलाई पारदर्शी, चुस्त र जनउत्तरदायी बनाउन नेपाली कांग्रेस दृढ संकल्प गर्दछ ।

## २. लोकतन्त्रमा निर्विकल्प निर्वाचनः

लोकतन्त्रिक व्यवस्थामा आजको उत्तम राजनैतिक निकास र लोकतान्त्रिक बाटो निर्वाचन नै हो भन्ने यथार्थप्रति नेपाली कांग्रेस स्पष्ट छ । वर्तमान सरकारको मुख्य जिम्मेवारी निर्वाचन सम्पन्न गराउने हो

। निर्वाचनका लागि भयरहित वातावरण अनिवार्य पूर्व शर्त हो । भयरहित वातावरणमा समयमै निष्पक्ष निर्वाचन सम्पन्न गरेर संविधान र लोकतन्त्रलाई सही मार्गमा ल्याउनु नै आजको मुख्य राष्ट्रिय जिम्मेवारी हो भन्ने नेपाली कांग्रेसको स्पष्ट दृष्टिकोण छ । यस्तो संवेदनशील अवस्थामा कुनै पनि राजनीतिक दल, समुह वा पक्षबाट कुनै पनि नाममा हिंसा भड्काउने, धार्मिक तथा सामाजिक सदभाव खल्बलाउने प्रवृत्ति बाञ्छनीय हुँदैन । लोकतान्तिक व्यवस्था, विधिको शासनमा लहड वा आवेगमा कसैलाई पनि निषेध गर्नु पनि स्वभाविक वा वाञ्छनीय मान्न सकिदैन ।

अहिले उत्तेजना होइन, संयम, संवाद र समझदारीको आवश्यकता भएकोले निर्वाचनको वातावरण विथोलिने किसिमका कुनै पनि हिंसा र उत्तेजनाको बाटो नहिड्न, निषेधको राजनीति नगर्न तथा संयमता अपनाउन तथा संवादमार्फत निकास खोज्न सम्बन्धित सवै पक्षलाई आह्वान गर्दै नेपाली कांग्रेस भयरित निर्वाचनको पक्षमा आफ्नो दृढता प्रकट गर्दछ ।

## ३. आत्माआलोचना र क्षमा याचनाः

विगतमा सरकार वा प्रतिपक्षमा रहँदा जानी-नजानी पार्टी र नेतृत्वबाट भएका गल्ती र अति सत्ताकेन्द्रित सहकार्यका कारण मुलुकलाई सकारात्मक दिशा प्रदान गर्ने क्रममा नेपाली कांग्रेसले लिन नसकेको पहलकदमी र निर्णयका कारण सिर्जना भएका राजनीतिक संकटप्रति हामी गम्भीर आत्मसमीक्षा तथा आत्माआलोचना गर्दै सम्पूर्ण नेपाली आमा-बुबा, दिदी-बहिनी तथा दाजु-भाइहरूसँग विनम्रतापूर्वक क्षमा याचना गर्छौं । तिनै कमजोरी र त्रुटीबाट पाठ सिकेर अबउप्रान्त राष्ट्रिय हित एवं लोकतान्त्रिक मूल्य-मान्यताप्रति अविचलित रहने प्रतिबद्धता व्यक्त गर्दै यो दोस्रो विशेष महाधिवेशन नेपाली कांग्रेस पार्टी जनताको भावनाअनुसार निष्ठा र सेवाको राजनीतिमा समर्पित रहने दृढ संकल्प गर्दछ ।

## ४. ऐतिहासिक विरासत र लोकतान्त्रिक निष्ठाः निरन्तरतामा नवीनता

नेपाली कांग्रेस केवल एउटा पार्टी होइन, यो विचारको आन्दोलन हो । यो स्वतन्त्रताको संघर्षबाट जन्मिएको र लोकतन्त्रमा अविछिन्न आस्थाले टिकाइएको संस्था हो । नेपाली कांग्रेस पार्टीका लागि लोकतन्त्र केवल सत्ता प्राप्तिको माध्यम नभएर हाम्रो ऐतिहासिक पहिचान, जीवन पद्धति र नागरिकप्रतिको उच्च नैतिक दायित्व हो । हामी आदरणीय जननायक बीपी कोइराला, सुवर्णशमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मंगलादेवी सिंह, शैलजा आचार्य, भीमबहादुर तामाङजस्ता निष्ठाका प्रतिमूर्तिहरूले हिंडेको लोकतान्त्रिक मार्गका वैचारिक उत्तराधिकारी र उहाँहरूको गौरवशाली बिरासतलाई बोक्ने सन्तति हौं ।

नेपालको लोकतान्त्रिक आन्दोलनको अग्रणी संवाहक शक्ति नेपाली कांग्रेसको आदर्श, सिद्धान्त, क्रान्ति र जनआन्दोलनको प्रतिफल स्वरूप जहानियाँ राणा शासन र निरंकुश राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । आठ दशकदेखिको नेपाली कांग्रेसको सपना, संघर्ष र संकल्पले नै दास र रैतीबाट सार्वभौमसत्ता सम्पन्न नागरिक बनाउन सफल भयो । नेपाली कांग्रेसकै नेतृत्वमा एक दशक लामो हिंसात्मक द्वन्द्व अन्त्य भई दिगो शान्ति स्थापना भएको हो भने ऐतिहासिक संविधानसभामार्फत

संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान पनि नेपाली कांग्रेसकै नेतृत्वमा बनेको हो । हाम्रा आदर्श र मूल्यहरू कालातीत छन् 'कुनै एक पुस्ताको सम्पत्ति मात्रै होइनन् । हाम्रो जिम्मेवारी ती मूल्यलाई बदल्नु होइन, पुनर्जीवित गर्नु हो । नयाँ पुस्ताले यी आदर्शहरू अस्वीकार गरेको होइन । उनीहरूले केवल प्रश्न गरेका हुन् 'किन नेपाली कांग्रेसका व्यवहारमा ती आदर्शहरू देखिँदैनन् ? त्यसैले हामीले खोजेको परिवर्तन हो, निरन्तरताभित्र नवीनता ।

**अतः** पार्टीका स्थापनाकालीन आदर्श, लोकतन्त्र, मानव अधकार, स्वतन्त्रतालगायतका आधारभूत मूल्य-मान्यताप्रति गर्व र अपनत्वबोधका साथ निरन्तरता दिँदै त्यसमा योग्यता, क्षमता मार्फत नयाँ ऊर्जा र प्राण भर्दै "निरन्तरतामा नविनता" को मान्यता अनुरुप नेपाली कांग्रेसलाई आजको समयको चेत अनुसारको अब्बल, गतिशील र आधुनिक संगठन बनाउने संकल्प गर्दछ।

## ५. उन्नत लोकतन्त्र र बहुलवादी समाजको विकासः

नेपाली कांग्रेसले स्थापना कालदेखि अङ्गीकार गर्दै आएका मार्गनिर्देशक सिद्धान्तलाई पूर्ण रूपमा आत्मसात गर्दै लोकतान्त्रिक, गणतान्त्रिक, उदार, बहुलवादी, धार्मिक स्वतन्त्रता, समावेशी समाज निर्माण गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ । नागरिक अधिकार, शक्ति पृथकीकरण, स्वतन्त्र न्यायपालिका, आवधिक निर्वाचन, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लोकतान्त्रिक प्रणालीका आधारभूत विश्वव्यापी सिद्धान्त र मान्यता हुन । यी सिद्धान्त र मान्यताहरू कुनै पनि लोकतान्त्रिक प्रणालीका पूर्व सर्त हुन । संवैधानिक उदारवाद, बहुलवाद र समावेशीकरण नेपाली कांग्रेसका आधारभूत सिद्धान्त हुन् । नेपाली जनताको बलिदानीपूर्ण संघर्ष तथा ऐतिहासिक क्रान्ति र आन्दोलनबाट स्थापित लोकतान्त्रिक प्रणालीलाई थप उन्नत, उदार र समावेशी प्रणालीको रूपमा विकसित गर्दै समुन्नत, समन्यायिक र समतामूलक समाज स्थापना गर्न दृढ संकल्प गर्दछ । विद्यमान तथा प्रचलित लोकतन्त्रलाई उदार लोकतन्त्र, उन्नत लोकतन्त्र, समावेशी लोकतन्त्र र डेलिभरी गर्ने लोकतन्त्रका रूपमा विकसित र रूपान्तरण गर्न नेपाली कांग्रेसले निष्ठापूर्वक सैद्धान्तिक-वैचारिक नेतृत्व गर्नेछ ।

हाम्रो पार्टीका सिद्धान्त, विचार र नीतिलाई जनताको भावनाअनुसार अद्यावधिक, परिमार्जन, व्याख्या तथा पुनः व्याख्या गरी सैद्धान्तिक-वैचारिक रूपान्तरण गर्न आवश्यक भएको यो विशेष महाधिवेशनले ठहर गर्दछ ।

## ६. मूल्यमा आधारित राजनीतिः निर्वाचन पूर्व गठबन्धन प्रवृत्तिको अन्त्य

नेपाली कांग्रेसको पहिचान भनेको मूल्य मान्यतामा आधारित राजनीति गर्छ भन्ने हो । नेपाली कांग्रेस जसले ३० वर्षसम्म सरकारभन्दा बाहिर बसेर पञ्चायतसंग लड्यो, १० वर्षे हिंसात्मक द्वन्द्वमा सवै गुमाउन तयार भयो । तर आफ्नो मूल्य मर्न नदिएर लड्यो, जनमत संग्रहमा षड्यन्त्रपूर्वक पराजित गराइएको परिणामलाई पनि स्वीकार गऱ्यो । तर आफ्नो मूल्य-मान्यता र सिद्धान्तमा कहिल्यै सम्झौता गरेन । तर पछिल्लो समय जसरी नेपाली कांग्रेस उद्देश्यविहीन सत्ता र शक्ति केन्द्रित राजनीतिमा रुमलियो, त्यसले नेपाली कांग्रेस हुनुको सान्दर्भिकतामाथि नै गम्भीर प्रश्न उठ्ने परिस्थिति सिर्जना भयो

। पार्टीका आदर्श, सिद्धान्त तथा मूल्यको राजनीतिलाई तिलाञ्जली दिएर राजनीतिलाई केवल सत्ता प्राप्ति र शक्तिको स्वार्थमा केन्द्रित गर्ने, सत्तालाई नै एकमात्र लक्ष्य ठान्ने र चुनाव जित्नु नै पार्टीको अन्तिम विजय ठान्ने चरम सत्तालिप्सा र सिद्धान्तहीन प्रवृत्तिलाई पूर्णतः अस्वीकार गर्दछौं । निर्वाचन विजय हासिल गर्ने प्रयोजनको लागि वा पराजित हुने त्रासले जोसंग जहाँ र जहिले पनि गठबन्धन वा सहकार्य गर्ने र अर्को पार्टीलाई मत माग्ने प्रवृत्तिको अन्त्य गर्छौं, खारेज गर्छौं ।

नेपाली कांग्रेस दृढ संकल्प गर्छ कि - नेपाली कांग्रेसले कुनै पनि निर्णय गर्दा तत्काल कुनै अप्ठ्यारा र चुनौती आए पनि वा पार्टीले क्षति नै बेहोर्नु परे पनि लोकतान्त्रिक मूल्य-मान्यता, राष्ट्रियता, राष्ट्रिय स्वाभिमान र विधिको शासन लगायतका आधारभूत मान्यतामा कहिल्यै सम्झौता गर्ने छैन । २०८० फागुनमा ललितपुर गोदावरीमा सम्पन्न महासमिति बैठकबाट **निर्वाचन अगाडिको गठबन्धनका सन्दर्भमा** पारित नीतिलाई स्मरण गर्दै नेपाली कांग्रेस दृढ संकल्प गर्दछ- "निर्वाचन पूर्वको गठबन्धन संस्कृतिले पार्टीको आदर्श, लोकतान्त्रिक विचार र संगठनलाई थप क्षति पुग्ने तथ्यलाई मनन गर्दै पार्टीका सदस्य, शुभेच्छुक तथा समर्थक र आम नागरिकलाई विश्वास दिलाउँदै नेपाली कांग्रेसले भविष्यमा हुने आवाधिक निर्वाचनहरूमा निर्वाचनपूर्व गठबन्धन (प्रि-इलेक्सन एलाइन्स) गर्ने छैन ।" हामी आफ्नै जनता र पार्टीको शक्तिको आधारमा एक्लै लड्नेछौं र आफ्ना मतदातालाई हाम्रो चुनाव चिन्ह 'रुख मा मात्रै मत हाल्न पाउने अवस्था सुनिश्चित गर्ने छौं । नेपाली कांग्रेस चुनाव जित्न मात्र होइन, जित्न योग्य भएर चुनाव लड्ने, जसरी पनि जित्ने होइन 'सही बाटो हिँडेर जित्ने नीति नेपाली कांग्रेसको गौरवशाली सुदूर विगत हो । त्यही नै भविष्यको संकल्प पनि हो । त्यो बाटो कठिन छ भने पनि नेपाली कांग्रेस पार्टीले सजिलो सम्झौता होइन, सही विकल्प रोज्नेछ । अब नेपाली कांग्रेसले सत्ता र लेनदेनको राजनीति त्यागेर आदर्श, सिद्धान्त, मूल्यमा आधारित राजनीति गर्नेछ ।

## ७. सुशासन र भ्रष्टाचार नियन्त्रणः

सुशासन भनेको भ्रष्टाचार नियन्त्रण, न्यायपूर्ण, उत्तरदायी र परिणाममुखी शासन प्रणाली हो । यसको लागि शासन प्रणालीलाई स्वच्छ, निष्पक्ष र सुशासनयुक्त बनाउनु आवश्यक छ । भ्रष्टाचार नेपालका राजनीतिक, प्रशासनिक र आर्थिक समस्याहरूको जरो हो । विकासको गति अवरुद्ध हुनु, सार्वजनिक सेवामा नागरिकको भरोसा कमजोर हुनु र राज्यप्रति नै निराशा बढ्नुको मुख्य कारण भ्रष्टाचार नै हो । विभिन्न अध्ययनहरुले भ्रष्टाचार नियन्त्रण कानुन र संस्थाको सवलीकरणका साथै राजनीतिक इच्छाशक्ति र नैतिक नेतृत्व आवश्यक पर्ने देखाउँदछन् । राजनीतिक नेतृत्व स्वयं इमानदार नभएसम्म प्रशासनलाई जति सुधार गरे पनि भ्रष्टाचार प्रभावकारी रूपमा नियन्त्रण हुन सक्दैन । यसको लागि नेपाली कांग्रेसले निम्न कार्य गर्ने संकल्प गर्दछः

क. विधिको शासनलाई व्यवहारिक र प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । सम्पूर्ण सार्वजनिक पद धारण गरेका व्यक्ति कानुनको अधिनमा रहने, नीतिगत निर्णयको ठोस परिभाषा तय गरी त्यस बाहेकका मन्त्रीपरिषद्का बैठकका निर्णयलाई पनि अख्तियारको छानविनको दायरा भित्र ल्याउने गरी भ्रष्टाचार निवारण ऐन र अख्तियार ऐनको संसोधन गरिनेछ । साथै प्रशासनलाई

राजनीतिक दबावबाट मुक्त रहने गरी निजामती विधेयक संसदबाट पारित गरिने छ । राज्यका संस्थाहरूलाई दलियकरणबाट मुक्त गरिनेछ। यस्तो व्यवस्था विश्वविद्यालय, विद्यालय तथा अन्य सम्पूर्ण सार्वजनिक निकायहरुमा पनि कार्यान्वयन गरिने छ । स्वार्थको द्वन्द्व सम्बन्धी कानूनका लागि पहलकदमी गरिनेछ ।

ख. सरकार फेरिएपिच्छे नीति फेर्ने रोगको अन्त्य गर्दै नीतिगत निरन्तरताको लागि आवश्यक पर्ने कानुनी र नीतिगत व्यवस्था गरिने छ । यसको लागि राष्ट्रिय सहमतिमा आधारित दीर्घकालिन नीति तर्जुमा गर्ने प्रणाली विकास गरिने छ ।

ग. भ्रष्टाचार नियन्त्रणको पहिलो शर्त भनेको राजनीतिक नेतृत्वबाटै उदाहरण स्थापित गर्नु हो । त्यसैले भ्रष्टाचार नियन्त्रणको लागि राजनीतिक ईच्छाशक्ति सवलीकरण गर्ने कार्य नेपाली कांग्रेसको मुल नीति हुनेछ । यसका लागि मन्त्री, सांसद र उच्च पदस्थ राजनीतिक व्यक्तिहरूले अनिवार्य रूपमा सपथ लिनुपूर्व आफ्नो सम्पत्ति सार्वजनिक घोषणा गर्ने, पदमा रहँदा र पद छाड्दा सम्पत्तिको तुलना गरिने व्यवस्था कडाइका साथ लागू गर्ने प्रणाली विकास गरिने छ । यससम्बन्धी आवश्यक कानुनको संसोधन गरिने छ ।

घ. भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परिक्षक लगायतलाई कानुनी, संरचनात्मक र व्यवहारिक रूपमा पूर्ण स्वतन्त्र बनाईने छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आधुनिक प्रविधि, दक्ष अनुसन्धानकर्ता, वित्तीय अपराध विश्लेषण गर्ने क्षमताको दृष्टिकोणले सवलीकरण गरिने छ ।

ङ. वि.सं. २०६३ पछि सार्वजनिक पदमा रहेका वा नरहेका हरेक व्यक्तिको सम्पत्ति छानविन गर्नको लागि उच्चस्तरीय सम्पत्ति छानविन आयोग गठन गरिने छ । उक्त आयोगलाई पूर्वन्यायाधीश, सेनाका पूर्व अधिकारीलगायत सम्पूर्ण व्यक्तिको सम्पत्ति छानविनको समेत अधिकार प्रदान गरिने छ । पार्टीबाट सवै तहको सार्वजनिक पदमा जानु पूर्व सम्पत्ति सार्वजनिक गर्नैपर्ने बाध्यकारी बनाइने छ ।

च. नेपालमा भ्रष्टाचारको सबैभन्दा ठूलो केन्द्र भनेकै सार्वजनिक खरिद र ठेक्का प्रणाली हो । ठेक्का प्रक्रियामा हुने मिलेमतो, लागत बढाउने, काम नगरी भुक्तानी गर्ने, एउटै ठेकेदारलाई बारम्बार लाभ दिने प्रवृत्तिले राज्यको स्रोत दोहन भएको छ । यसलाई सुधार गर्न सबै सार्वजनिक खरिद सम्बन्धी कानूनको पुनर्लेखनन र प्रक्रिया डिजिटल, खुला र नागरिक निगरानीमैत्री बनाइने छ । ठेक्का सूचना, लागत अनुमान, ठेक्का पाउने कम्पनी, कामको प्रगति र भुक्तानी विवरण सार्वजनिक हुने व्यवस्था अनिवार्य गरिने छ । स्थानीय तहदेखि केन्द्रसम्म नागरिक समाज, सञ्चारमाध्यम र समुदायको निगरानीलाई कानुनी मान्यता दिने गरी आवश्यक कानुन संसोधन गरिने छ ।

छ. भ्रष्टाचार नियन्त्रण गर्ने संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई वास्तविक संवैधानिक र स्वायत्त निकायको रूपमा विकसित गरिने छ । आयोगका पदाधिकारी नियुक्त गर्दा योग्यता, क्षमता र इमान्दारिताका आधारमा गरिने छ । दलीय भागबण्डाबाट मुक्त गरिनेछ।

ज. अख्तियारको दुरुपयोग तथा भ्रष्टाचारको आरोप लागेका कुनै पनि तहका नेता र सदस्यलाई पार्टीले संरक्षण नगर्ने तथा औपचारिक रूपमा आरोप लागेको मितिदेखि पदबाट स्वतः निलम्बन हुने प्रस्ताव यो विशेष महाधिवेशन पारित गर्दछ ।

## ८. चुस्त सार्वजनिक सेवा प्रवाह

सार्वजनिक सेवा नागरिकले राज्यलाई प्रत्यक्ष अनुभूति गर्ने प्रमुख माध्यम हो । जब नागरिकले सरकारी सेवा ढिलो पाउँछन्, तब उनीहरूको राज्यप्रति आशा, विश्वास र भरोसा कमजोर हुन्छ । त्यसैले सार्वजनिक सेवा प्रणाली सहज, पारदर्शी, एकीकृत र परिणाममुखी बनाउनु आवश्यक छ । यसको लागि नेपाली कांग्रेसले निम्न संकल्प गर्दछ;

क. परम्परागत प्रशासनिक सोच 'कार्यालय—केन्द्रित छ, जहाँ पद, कागजपत्र र आन्तरिक प्रक्रियालाई प्राथमिकता दिने गरिन्छ । तर आधुनिक र प्रभावकारी सेवा प्रणाली 'नागरिक केन्द्रित हुनुपर्छ । त्यसैले सार्वजनिक सेवाका सम्पूर्ण नीति, प्रक्रिया र सेवा नागरिकको सहज पहुँच हुने गरी तर्जुमा गरिने छ । यसको लागि प्रत्येक सरकारी सेवा पुरा हुने निश्चित समय तोकिने छ र यदि उक्त समयसीमा भित्र सेवाग्राहीले सेवा नपाएमा क्षतिपूर्ति दिने प्रणाली विकास गरिने छ ।

ख. सुशासन सुनिश्चित गर्ने एउटा प्रमुख आधार नागरिक र कर्मचारीतन्त्रबीचको प्रत्यक्ष सम्पर्कलाई न्यूनीकरण गर्नु हो । कर्मचारीतन्त्रको अनावश्यक संलग्नतालाई घटाउन झन्झटिला प्रक्रियाहरूको खारेजी गर्दै प्रविधिको प्रयोग (E-Governance) मार्फत सेवा प्रावाहलाई प्रभावकारी बनाइने छ ।

ग. सार्वजनिक सेवाहरू विभिन्न विभाग, कार्यालय र प्रक्रियामार्फत फैलिएका छन् । नागरिकलाई प्रत्येक कार्यालयमा धाइरहनु पर्ने अवस्था धेरै समय खर्चिलो, जटिल र असहज बनाईरहेको छ । यसलाई सुधार गर्न एकद्वार सेवा प्रणालीको तत्काल कार्यान्वयन गरिने छ । जसमा एउटै सेवाकेन्द्रबाट जन्मदर्ता, नागरिकता, व्यवसाय दर्ता, कर, सामाजिक सुरक्षा, स्वास्थ्य सेवाहरू लगायत सेवाहरु एउटै डिजिटल वा भौतिक प्लेटफर्मबाट उपलब्ध हुनेछ ।

घ. डिजिटल पहुँच र अन्तरसम्बन्ध विकास गरिनेछ । सार्वजनिक सेवालाई डिजिटलाइज गर्दै सेवाग्राहीलाई घरमै सेवामा पहुँच हुने गरी प्रणाली विकास गरिने छ ।

ङ. सार्वजनिक सेवा प्रणालीको सफलता कर्मचारीको क्षमता, इमानदारी र उत्प्रेरणामा निर्भर गर्छ । त्यसैले कर्मचारीलाई बजार मूल्य अनुसारको तलबमान तय गरिने छ । साथै उनीहरुलाई तालिम र दक्षता विकासका कार्यक्रमहरु मार्फत सेवा सुधार, प्रविधि उपयोग, नागरिकसँग संवाद गर्ने तरिका, नवीनतम प्रशासनिक अभ्यासमा प्रशिक्षण प्रदान गरिने छ ।

च. संघीय तथा प्रादेशिक सरकारका मन्त्रालयको संख्या न्यायोचित हुने गरी पुनरावलोकन गरिने छ । संघीय तहका विभागहरुलाई आवश्यकताको आधारमा प्रदेशलाई हस्तान्तरण वा खारेज गरिने छ। तहगत अधिकारको प्रष्टता र संघीयता सबलीकरणको लागि एकीकृत छाता ऐन ल्याइनेछ।

छ. नेपाली कांग्रेस जनताले महसुस गर्नेगरी राज्यका संस्था र संरचनालाई सबल र प्रभावकारी बनाउँदै सेवा प्रवाहमा चुस्तता ल्याउन संस्थागत सुधारका लागि योजनवद्ध नीतिगत, कानूनी, संरचनागत तयारी गर्दै त्यसको कार्यान्वयका लागि सरकार सञ्चालन गर्दै सवै तहको सरकारको तम्तयार नेतृत्व र कार्यक्रमसहित प्रस्तुत हुनेछ ।

ज. हामीले लोकतान्त्रिक संस्थाहरूलाई कार्यमूलक तथा प्रभावकारी बनाउने राज्यका सबै अंगहरूमा दलीयकरण गर्ने गल्तीलाई स्वीकार्दै अब नेपाली कांग्रेस कुनै पनि खालको भागबण्डामा भाग नलिने राज्यका संस्थालाई दलीयकरणबाट मुक्त गर्ने संकल्प गर्दछ ।

## ९. कार्यमूलक लोकतन्त्र र दलीय सुधार

आजको सबैभन्दा महत्वपूर्ण सवाल भनेको लोकतन्त्रलाई कसरी प्रभावकारी र कार्यमूलक बनाउने भन्ने नै हो । लोकतन्त्रलाई केवल निर्वाचनमा मात्र सीमित नराखी निरन्तरको सहभागिता, उत्तरदायित्व र समावेशी निर्णय प्रक्रियामा रुपान्तरण गर्नु आजको आवश्यकता हो । यसका लागि;

क. केन्द्रीय सभापतिदेखि हरेक तहमा विभिन्न जिम्मेवारीमा रहेका सबै अनिवार्य रूपमा तल्लो तह(वडा)बाट निर्वाचित भएर आउनुपर्ने छ।

ख. दल भित्र लोकतन्त्रको संस्थागत अभ्यासलाई व्यवहारमा कार्यान्वयन गरिने छ । यसमा दलभित्रका सम्पूर्ण भातृ तथा सुभेच्छुक संघ-संस्था, तथा अन्य आन्तरिक निर्वाचन समयमै र निष्पक्ष रूपमा सम्पन्न गर्न आवश्यक प्रबन्ध गरिने छ ।

ग. निर्णय प्रक्रियामा महिला, मधेशी, मुश्लिम, अपांगता भएका व्यक्तिहरु, युवा, अल्पसंख्यक पछाडि पारिएका वर्ग, क्षेत्र, समुदायको प्रतिनिधित्वसहित संस्थागत र प्रणालीगत बहस र अर्न्तक्रियाको पद्धति विकास गरिने छ ।

घ. पार्टीभित्र सम्बन्धित तहका सदस्यबाट आन्तरिक प्रतिष्पर्धा (प्राईमरी निर्वाचन) को व्यवस्था गरी सबैभन्दा बढी मत ल्याउने महिला सहित तीनजना व्यक्ति मध्यबाट सम्बन्धित तहमा उमेद्वार बनाउने प्रणाली लागू गरिने छ । यसका लागि 'डिजिटल उम्मेदवार मूल्यांकन तथा सिफारिस प्रणाली ले सबै इच्छुकलाई समान अवसर दिँदै योग्यता, क्षमता, इमानदारी र संगठनगत योगदानका आधारमा उम्मेदवार छनोट गर्ने सुनिश्चित गर्दछ । यसले आन्तरिक लोकतन्त्र मजबुत बनाउने, विवाद घटाउने र पार्टीप्रतिको जनविश्वास बढाउने दीर्घकालीन उद्देश्य राख्दछ ।

ङ. पार्टीमा प्रवेशको मापदण्ड र नीति भएजस्तै पार्टीको तर्फबाट स्थानीय, प्रदेश र संघीय तहमा राज्यको कुनै जिम्मेवारी वा शासकीय पदको अवधि तोकिनेछ। एउटै ब्यक्ति पटक पटक एउटै शासकीय जिम्मेवारीमा जाने परम्पराको अन्त्य गर्न पार्टीका तर्फबाट सार्वजनिक जिम्मेवारीमा प्रतिनिधित्व गर्ने विषयमा सिमित व्यक्तिले पटक-पटक अवसर पाउने अवस्थालाई रोक्नको लागी समानुपातिक निर्वाचन प्रणालीबाट सांसद हुने अवसर एक व्यक्तिका लागि एक पटक मात्र (One-time Proportional Representation) हुने गरी व्यवस्था गरिनेछ।

च. पेशागत र व्यावसायिक क्षेत्रमा रहेर लामो समय योगदान दिनुभएका व्यक्तित्वलाई पार्टीको विभिन्न संरचनामा आबद्ध गर्न र विभिन्न तहका निर्वाचनमा पार्टीका तर्फबाट निश्चित प्रतिशत उमेद्वार बनाउने गरी छड्के प्रवेश 'ल्याट्रल इन्ट्री' को उपयुक्त प्रक्रिया सम्बन्धी नयाँ व्यवस्था गरिनेछ।

छ. निर्वाचन र मनोनयन गर्दा समावेशी समानुपातिक सिद्धान्तको मर्मलाई पूर्ण रूपमा आत्मसात गर्नेगरी प्रत्येक तहका कार्यसमितिमा एक तिहाइ अनिवार्य महिला पदाधिकारी, युवा, श्रमिक, पेशागत क्षेत्र र अपाङ्गता भएका व्यक्ति अनिवार्य रहनेगरी हरेक तहमा समुदायको क्लस्टर अनुसार मधेसी, दलित, मुस्लिम, आदिवासी, जनजाती, थारू लगायतको समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनेछ।

ज. शासन प्रणालीमा नागरिक सहभागिताको दायरा विस्तार गरिने छ । यसको लागि सार्वजनिक नीति निर्माण गर्नु अघि सार्वजनिक सुनुवाई, नागरिक संवाद र डिजिटल माध्यम मार्फत परामर्श गर्ने कार्य गरिने छ ।

झ. सार्वभौम संसदलाई थप प्रभावकारी बनाउने नीति लिइने छ । यसको लागि सांसदलाई केवल सरकार बनाउने संख्याको रुपमा मात्र नभई नीति निर्माता र निगरानीकर्ताको रूपमा सबल, प्रभावकारी र सशक्त बनाइने छ । यसैगरी संसदीय समितिहरुलाई अध्ययन, अनुसन्धान र तथ्यमा आधारित निर्णय गर्ने केन्द्रको रुपमा विकास गरिने छ ।

## १०. संविधान संशोधनमा साझा धारणा

नेपाली कांग्रेसको सरकारको नेतृत्वमा ऐतिहासिक संविधानसभामार्फत नेपालको संविधान बनेको **१० बर्ष भएको छ । संविधान कार्यान्वयनको समग्र अवस्था, प्राप्त उपलब्धि र कमी-कमजोरी तथा बाँकी कामहरुका सम्बन्धमा बस्तुनिष्ठ समीक्षा आवश्यक भएको छ ।** लोकतान्त्रिक प्रणाली र नेपालका संविधानका आधारभूत सिद्धान्तलाई निरन्तरता दिँदै संविधान संशोधन गरी आफ्ना माग सम्बोधन गर्न उठाउँदै आएका आवाज र मागलाई हामी सम्मान गर्दछौं । संविधान गतिशील र परिवर्तनशील दस्तावेज भएकाले नागरिकको भावनाअनुसार समयानुकूल संशोधन, परिमार्जन र अद्यावधिक हुँदै जानु स्वाभाविक लोकतान्त्रिक प्रक्रिया हो । नेपाली कांग्रेसले प्रमुख राजनीतिक पार्टीका साथै सबै सरोकारवालाहरूसँग सघन संवाद र परामर्श गरी संविधान संशोधन गर्न पहल गर्ने छ र सम्पूर्ण नेपाली नागरिकले अपनत्व र स्वामित्व ग्रहण गर्ने साझा र समृद्ध दस्तावेजको रूपमा विकास गर्न तथा लोकतान्त्रिक प्रक्रियामार्फत सहमतिका आधारमा ती माग सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

## ११. निर्वाचन प्रणालीमा सुधार

नेपालको संविधानमा विद्यमान समावेशी र समानुपातिक प्रणालीलाई थप सुदृढ गर्दै राजनीतिक स्थायित्व प्रत्याभूति हुने गरी निर्वाचन प्रणाली संशोधन गर्न नेपाली कांग्रेसले पहल गर्नेछ । संविधानको मर्म र भावना तथा संघीय प्रणालीको सिद्धान्तअनुसार संघीय प्रणालीलाई थप प्रभावकारी, जनमुखी र परिणाममुखी बनाउन आवश्यक नीतिगत, संस्थागत तथा संरचनागत सुधारका लागि नेपाली कांग्रेसले ठोस पहल गर्नेछ।

निर्वाचन प्रणालीमा देखिएका विकृति-विसङ्गतिहरूलाई सुधार गरी थप स्वच्छ, पारदर्शी र मितव्ययी बनाउन निर्वाचन कानुन र प्रक्रियामा व्यापक परिमार्जन गरिने छ । समावेशिताको सिद्धान्तलाई थप प्रभावकारी र न्यायपूर्ण बनाउन आरक्षित निर्वाचन क्षेत्र (Reserved Constituencies) को अवधारणामा व्यापक छलफल गरी 'सिङ्गल रोटेसन रिजर्भ्ड निर्वाचन क्षेत्र' (Single Rotation Reserved Constituencies) जस्ता नवीन अभ्यासहरू कार्यान्वयनका लागि पहल गरिनेछ ।

मतदाताको अधिकारलाई अर्थपूर्ण बनाउन 'नो भोट' (Right to Reject) को कानुनी सुनिश्चितता र विदेशमा रहेका नेपालीको मतदानको अधिकारलाई सुनिश्चित गरिने छ भने उम्मेदवार चयनमा सदस्यतामा आधारित 'प्राइमरी' निर्वाचन जस्ता लोकतान्त्रिक अवधारणाहरू संस्थागत गरिने छ ।

निर्वाचन खर्चलाई पारदर्शी बनाउन प्राप्त मत भारका आधारमा राजनीतिक दलहरूलाई राज्य कोषमार्फत अनुदान उपलब्ध गराउने र दलहरूको आर्थिक गतिविधिमा कठोर वित्तीय अनुशासन कायम गर्ने व्यवस्था लागू गरिने छ ।

## १२. प्रधानमन्त्रीको दुई कार्यकालः

नेपाली जनता, पार्टीका नेता तथा कार्यकर्ता र विशेषगरी युवा पुस्ताको भावनाअनुसार देशको प्रमुख कार्यकारी (प्रधानमन्त्री) को दुई कार्यकाल मात्रै हुने प्रस्ताव यो विशेष महाधिवेशन पारित गर्दछ । यो प्रावधान लागू गर्न नेपाली कांग्रेसको विधान संशोधन गरिने छ । नेपाली कांग्रेसको तर्फबाट अब कोही पनि व्यक्ति तेस्रोपटक प्रधानमन्त्री हुने छैन । यसैगरी यो प्रावधान लागू गर्न नेपालको संविधानसमेत संशोधन गर्न नेपाली कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्ने संकल्प यो विशेष महाधिवेशन गर्दछ ।

## १३. राज्य संयन्त्रको गैरदलीयकरण र संस्थागत सुधारः

संवैधानिक निकाय र सार्वजनिक संस्थाहरुको दलीयकरण र राजनीतिक भागबन्डाले गम्भीर विकृति तथा विसंगति सिर्जना गरेको छ । त्यसैले संवैधानिक आयोग र सार्वजनिक संस्थामा दलीयकरण अन्त्य गर्ने नीति अबलम्बन गरिने छ । विगतमा न्यायपालिका, संवैधानिक निकाय, प्राज्ञिक तथा शिक्षण संस्था, निजामती प्रशासन तथा सुरक्षा निकाय जस्ता राज्यका संवैधानिक, स्वायत्त र संवेदनशील निकायहरूमा अवाञ्छित दलीयकरण, हस्तक्षेप र भागबण्डा गरिएका कारण ती संस्थाको संस्थागत शाख र विश्वसनीयमाथि समेत गम्भीर प्रश्नचिन्ह खडा भएको छ । राज्य संयन्त्रमा व्याप्त अति दलीयकरण पार्टी प्रणालीको गम्भीर विकृति भएको ठहर गर्दै नेपाली कांग्रेस यस्तो गैरलोकतान्त्रिक तथा अवाञ्छित प्रवृत्तिको अन्त्यका लागि ठोस नीतिगत र संरचनागत सुधार गर्न प्रतिबद्ध छ ।

लोकतन्त्रका आधार स्तम्भ यस्ता संस्थाहरूलाई दलीय हस्तक्षेपबाट मुक्त गरी स्वतन्त्र र स्वायत्त ढङ्गले कार्यसम्पादन गर्ने संवैधानिक प्रत्याभूति पनि उत्तिकै आवश्यक छ । शक्ति सन्तुलन, विधिको शासन र नागरिकको न्यायोचित अधिकार सुनिश्चित गर्न यी संस्थाहरूलाई राजनीतिक प्रभाव र सौदाबाजीबाट पूर्णतः मुक्त राख्नु अनिवार्य भएको यो विशेष महाधिवेशनले ठहर गरेको छ । दलीय निकटता र बफादारिताका आधारमा त्यस्ता संस्थाहरूमा नियुक्ति गर्दा संस्थागत विश्वसनीय, कार्यसम्पादन र उत्तरदायित्वमा गम्भीर

आँच भएको वास्तविकतालाई स्वीकार गर्दै अब यस्तो प्रवृत्तिबाट पूर्ण रूपमा अलग रहने संकल्प गर्दै नेपाली कांग्रेसले निम्न कार्य गर्नेछ;

क. योग्यतामा आधारित नियुक्ती प्रणालीलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नेछ । यसको लागि यस्ता पदहरुको खुल्ला आवेदन गर्ने, संक्षिप्त सूची सार्वजनिक गर्ने, नागरिक निगरानी तथा खबरदारी गर्ने, नागरिक सुनुवाई पश्चात् मात्र संवैधानिक आयोगको छलफलको लागि रोष्टर तयार गरिने छ । संवैधानिक आयोगले सिफारिस पश्चात गरिने संसदीय सुनुवाईलाई प्रभावकारी बनाउन आवश्यक नीतिगत तथा कानुनको तर्जुमा गरिने छ ।

ख. कुलिंग अफ पिरियड (सेवाबाट निवृत्त भएपछि निश्चित अवधि संवैधानिक तथा सार्वजनिक निकायमा नियुक्ति गर्न नपाउने प्रणाली) को व्यवस्था गरिने छ । यसमा राजनीतिक पार्टीको सदस्यता भएको व्यक्ति २ बर्ष सम्म संवैधानिक आयोगको नियुक्ती हुन नपाउने, प्रशासनिक जिम्मेवारी पाएका व्यक्ति अवकास भएको २ वर्षसम्म यस्ता निकायको नियुक्ती लिन नपाउने गरी कानुन तर्जुमा गरिने छ ।

ग. संवैधानिक आयोगहरु तथा त्यहाँका पदाधिकारीहरुलाई सरकारले कुनै पनि दबाब दिन नसक्ने गरि कानुनी सुनिश्चितता तय गरिने छ ।संवैधानिक निकायमा नियुक्ति गर्दा दलीय भागबण्डा गर्ने प्रवृत्ति अन्त्य गर्न कानूनी व्यबस्था गरिनेछ।

## १४. पपुलिजम (प्रियतावाद) को चुनौती सामना गर्दै उदार लोकतन्त्रको रक्षा

विश्वव्यापी रूपमा देखिएको पपुलिजम र अराजकतावादको लहरपछि नेपालमा पनि प्रवृत्ति र पात्रहरूले लोकतान्त्रिक प्रणाली, उदारवाद, बहुलवादी सिद्धान्त तथा मूल्य र मान्यताको अवमूल्यन गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ । यस्ता पात्र र प्रवृत्तिहरूले गर्दा लोकतान्त्रिक प्रणाली र संस्थालाई बलियो बनाएर होइन चमत्कारबाट हुन्छ भन्ने भ्रम सिर्जना भइरहेको छ। यस्तो प्रवृत्तिलाई रोकी उदार तथा समावेशी लोकतन्त्र र बहुलवादी समाजको संवर्द्धन र प्रवर्द्धन गर्नु नेपाली कांग्रेसको ऐतिहासिक दायित्व हो । लोकतन्त्र भनेको चमत्कार होइन, यो प्रणाली, पद्धति र प्रक्रिया हो । लोकतान्त्रिक प्रणालीमा लोकतान्त्रिक संस्था सक्षम र सबल हुनुपर्छ र सरकार र राजनीतिक पार्टीहरू जनताप्रति उत्तरदायी हुनुपर्छ । लोकतान्त्रिक संस्थाहरू कार्यमूलक र प्रभावकारी भए पद्धतिको विकास हुन्छ र पद्धतिको विकास भए मात्रै प्रणालीको विकास हुन्छ । त्यसैले लोकतन्त्रको अर्थ केवल शासन प्रणाली मात्रै होइन, जीवन पद्धति हो । लोकतन्त्र प्रणालीप्रधान तथा संस्थाप्रधान हुन्छ । लोकतन्त्र विधिसम्मत र प्रक्रियामुखी हुन्छ । त्यसैले पपुलिस्ट र अराजकतावादी प्रवृत्तिहरूबाट सचेत हुँदै लोकतन्त्र र संविधानको रक्षा गर्न सम्पूर्ण नेपाली जनतालाई नेपाली कांग्रेसको यो महाधिवेशन विशेष आह्वान गर्दछ ।

## १५. विदेश नीतिः राष्ट्रहित तथा राष्ट्रिय स्वार्थ सर्वोच्च प्राथमिकताः

नेपाली कांग्रेसले स्थापनाकालदेखि अंगीकार गर्दै आएका अन्तर्राष्ट्रिय सम्बन्ध र विदेश नीतिका मार्गनिर्देशक सिद्धान्तलाई निरन्तरता दिँदै राष्ट्रहित तथा राष्ट्रिय स्वार्थलाई सर्वोच्च प्राथमिकता दिनेछ । नेपालको राष्ट्रिय एकता, भौगोलिक अखण्डता, सार्वभौमिक स्वतन्त्रता, राष्ट्रिय स्वाधीनता, राष्ट्रिय सुरक्षा,

संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशील, असंलग्नता जस्ता मार्गनिर्देशक नीति अनुसरण गरी स्वतन्त्र र सन्तुलित नीति अख्तियार गरिने छ। यसैगरी सार्वभौमिक समानताको सिद्धान्तलाई अन्तर्राष्ट्रिय सम्बन्ध र विदेश नीतिको आधारभूत सिद्धान्तको रूपमा संस्थागत गरिने छ । छिमेकी तथा उदीयमान शक्तिराष्ट्रहरू भारत र चीनसँगको परम्परागत बहुआयामिक राजनीतिक, कूटनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, व्यापारिक सम्बन्धलाई अझ आत्मीय, घनिष्ट र प्रगाढ बनाउँदै पारस्परिक हित र समान लाभ तथा सम्मानका आधारमा भारत र चीनको आर्थिक विकासबाट अधिकतम लाभ हासिल गर्ने नीतिलाई विशेष प्राथमिकता दिनेछ । नेपालको समुन्नति र आर्थिक विकासका लागि अन्तर्राष्ट्रिय सम्बन्धलाई थप विविधिकरण गर्दै बृहत्तर अन्तर्राष्ट्रिय समुदायसँग अझै आत्मीय र घनिष्ट सम्बन्ध विकसित गरिने छ ।

**१६. राष्ट्रिय पुनर्जागरण अभियानः**

नेपाली कांग्रेसको यो विशेष महाधिवेशनले राष्ट्रिय पुनर्जागरण अभियान सञ्चालन गर्ने ऐतिहासिक निर्णय गर्दछ । यसको मुख्य उद्देश्य निराशा, घृणा र प्रतिशोधको राजनीतिलाई परास्त गर्दै जनताको हृदयमा आशा, विश्वास र सुरक्षाको दियो जगाउनु राजनीतिलाई जनमुखी र समाजकेन्द्रित बनाउन, आम नागरिकमा गुम्दै गएको आत्मविश्वास र राष्ट्रिय स्वाभिमानलाई पुनर्स्थापित गर्नु तथा लोकतान्त्रिक संस्कारको प्रवर्द्धन गर्नु हो । यो अभियानले व्यक्तिगत स्वार्थ र गुटबन्दीको अन्त्य गर्दै विभिन्न पुस्ता, क्षेत्र र समुदायबीच आपसी संवाद र सहकार्य सुदृढ गरी राष्ट्रिय आत्मविश्वास एवं सामाजिक एकता तथा सदभावलाई अभिवृद्धि गर्ने लक्ष्य राखेको छ । यो अभियानमा पार्टीका सबै तहका नेता, कार्यकर्ता र सदस्यहरूलाई राजनीतिक तथा सामाजिक-सांस्कृतिक जिम्मेवारीका साथ परिचालन गरिने छ । यसले घृणा, द्वेष, प्रतिशोधबाट समाजलाई माथि उठाएर राष्ट्रका साझा मुद्दामा साझा दृष्टिकोण निर्माण गर्न भूमिका निर्वाह गर्नेछ, राष्ट्रिय स्वाभिमान बढाउने छ र अन्तरपुस्ता सहकार्य र अन्तरतह समन्वयको वातावरण सिर्जना गर्नेछ । संविधानको आधारशीलामा उभिएर समुन्नति, स्वतन्त्रता र समतालाई प्रवर्द्धन गर्ने मार्गचित्रका साथ आम नागरिकको हृदयमा नौलो जागरण र भरोसाको किरण छर्नेछ ।

**१७. सुधारको अग्रणीः समुन्नत नेपाल निर्माणको प्रमुख संवाहक शक्ति**

नेपाली कांग्रेस जसरी नेपालको राजनीतिक, आर्थिक तथा सामाजिक परिवर्तनका आन्दोलनको शुत्रधार र अग्रणी नेतृत्वकर्ता हो, त्यसरी नै समुन्नत नेपाल निर्माणको ध्येयमा सिंगो पार्टीलाई एकताबद्ध गर्दै हरेक तहमा, हरेक क्षेत्रमा क्रियाशील बनाउदै नेपाली कांग्रेसलाई सुधार र समुन्नतिको नेतृत्व गर्ने पार्टीको रूपमा स्थापित गर्नेछौं । हामी कसैको आलोचना गर्दैनौं । अब समाधानमुखी र परिणाममुखी भिजन, नीति र कार्यक्रमको आधारमा हामीले डेलिभरी गर्छौं । हरू नेपाली जनताको चाहना र भावनाअनुसार नेपाली कांग्रेसले समुन्नति र आर्थिक विकासलाई सर्वोच्च प्राथमिकता दिनेछ । कठीन संघर्षको ऐतिहासिक कालखण्डमा लोकतान्त्रिक आन्दोलनको नेतृत्व गरेर राजनीतिक अधिकार र नागरिक स्वतन्त्रता स्थापित गरेको नेपाली कांग्रेस पार्टी अब नीतिगत सुधार र आर्थिक रूपान्तरणको महाअभियानमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सङ्कल्प गर्छ ।

दिगो आर्थिक विकासका लागि सुशासन अपरिहार्य छ । २०१५ सालको सरकारको नीतिगत सुधार होस् वा २०४८ देखि २०५० सम्मको आर्थिक विकासको गति होस्, नेपाली कांग्रेसले गरेको थियो र हामीले गर्न सक्छौं भन्ने आत्माविश्वास पनि हामीसँग छ । यसका अतिरिक्त विभिन्न क्षेत्रगत राष्ट्रिय तथा अन्तराष्ट्रिय विज्ञहरुसँगको सहकार्यमा हामीले विगत केही वर्षहरुदेखि गरिरहेको गृहकार्यको कार्यान्वयन गरी समग्र राष्ट्रलाई विकास र प्रगतिको प्रतिफल दिन नेपाली कांग्रेस सक्षम छ । हालसम्म अख्तियार गर्दै आएको अर्थनीति तथा विकास नीति पुनर्विचार गरी फराकिलो आर्थिक वृद्धि गर्दै वातावरणमैत्री दिगो विकास नीति अनुशरण गर्नेछ । आर्थिक कूटनीतिको माध्यामबाट वैदेशिक सहयोग अभिवृद्धि गरी आर्थिक विकास र राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा वातावरणमैत्री ठूला भौतिक पूर्वाधार निर्माण गर्ने नीतिलाई थप प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

अर्थतन्त्रका यावत क्षेत्रलाई दलीय प्रभाव, दबाव र कब्जाबाट मुक्त पार्दै, नवीन अवसरहरूको सिर्जना, उत्पादनशील अर्थतन्त्रको विकास र समन्यायिक वितरणको मार्ग प्रशस्त गर्दै आम नेपाली जनताको सम्मानलाई स्थापित गराउन आर्थिक अभाव र विपन्नताको चक्रबाट मुक्त गरी समुन्नत नेपालको निर्माणको नेतृत्व गर्नु अबको मुख्य लक्ष्य र अविचलित गन्तव्य हुनेछ ।

नेपाली कांग्रेसले शिक्षा, स्वास्थ्य, रोजगारी, कृषि, पर्यटन लगायतका क्षेत्रमा नीति र कार्ययोजना तयार गरी त्यसको स्पष्ट खाका सहित समुन्नतीको यात्रा तय गर्नेछ।

समुन्नत नेपाल आर्थिक प्रगतिको समावेशी लाभ आम नागरिकले उठाउन सक्ने वातावरणले मात्रै समुन्नत नेपालको सपना साकार बनाउन सकिन्छ । स्वदेशमा नै योग्यता अनुसारको मर्यादित रोजगारी र व्यवसायको अवसरको सिर्जना गर्न सके मात्र नेपालीको समग्र आर्थिक स्तर उठाउन सकिन्छ । नेपालको विशेषताहरुको पहिचान गरी नीति र व्यवहारमा सुधार ल्याउन सके त्यो सम्भव छ । नीतिगत सुधार र हस्तक्षेपले त्यो गर्न सकिदो रहेछ भन्ने हाम्रो अनुभवले पनि देखाएको छ । यसलाई अझै व्यापक सुदृध र दिगो बनाउन सके दोहोरो अङ्क नजिकको आर्थिक विकास सम्भव छ र नेपाल केहि वर्षभित्रै विकासशील देश हुनेछ ।

**अन्त्यमा,**

**हामी यस विशेष केन्द्रीय महाधिवेशनबाट विशेष प्रण गर्दछौं-** नेपाली कांग्रेसलाई २००६ सालको जस्तो क्रान्ति चेत, २०१५ सालको जस्तो प्रगतिशील र समावेशी सोच, २०४८ सालको जस्तो लोकप्रिय मत, २०६२/०६३ को जस्तो सर्वस्वीकार्य नेतृत्व भएको हाम्रो गौरवशाली विगत तथा अग्रजहरूको बलिदान, अकल्पनीय संघर्ष, त्याग र परिश्रमबाट प्रेरणा लिँदै आजको समयको चेत बुझेर नवीन पुस्ताले विश्वास र भरोसा गर्न सक्ने सुनौलो भविष्यतिर उन्मुख, स्पष्ट भिजन भएको, व्यवस्थापनमा अब्बल, गतिशील र आधुनिक लोकतान्त्रिक पार्टी बनाउने छौं ।

**जय नेपाल !**

*तपाईंको साथी,*

*गगनकुमार थापा*

*महामन्त्री, २०८२ पौष २७-२८*

